(अनुसूची १ परियोजना कार्यान्वयन निर्देशिका,२०८२)

स्थानीय स्तरमा प्राकृतिक स्रोत विकास कोषबाट संचालन हुने गतिविधिहरूको लागि परियोजनाको लगानी साझेदारी ढाँचा

क. खानेपानी तथा सरसफाइ/बहुउपोयोगी योजनाहरु (नयाँ/मर्मत/पुनःनिर्माण)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु - प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	ग्राभिटी योजना निर्माण	६४%	१५%	२१%
३.	लिफ्ट योजना निर्माण	६४%	२०%	१६%

विस्तृत व्याख्याः

योजनाको कुल लागतमा ग्राभिटी योजनाको लागि समुदायको साझेदारी २१ प्रतिशत (१ प्रतिशत नगद र २० प्रतिशत जनश्रमदान) र लिफ्ट योजनाको लागि १६ प्रतिशत (१ प्रतिशत नगद र १५ प्रतिशत जनश्रमदान) रहने छ । यसबाहेक, उपभोक्ता समितिले सञ्चालन र मर्मतसम्भार (O&M) कोषमा १ प्रतिशत योगदान गर्नुपर्छ। समुदायले योजनाका निम्न कार्यहरूका लागि जनश्रमदान गर्नेछन् ।

१) वितरण प्रणालीको लागि पाइपलाइन खन्ने र पुर्ने कार्य

२) धारा निर्माणको लागि अदक्ष कामदार

३) साइट सफा गर्ने र संरचना जगको लागि फिल्ड तयार गर्ने कार्यको लागि अदक्ष कामदार

४) स्थानीय सामग्री (ढुङ्गा, गिट्टी/बालुवा, स्थानीय काठ आदि)को संकलन

यदि अदक्ष श्रम र स्थानीय सामग्रीको रकम आवश्यक जनश्रमदान २० प्रतिशत भन्दा कम भएमा, बाँकी प्रतिशत मुख्य पाइपलाइन खन्ने र पुर्ने वा अन्य शीर्षकको लागतबाट व्योहोर्नु पर्नेछ। यदि जनश्रमदान २० प्रतिशत भन्दा बढी भएमा, अतिरिक्त भएको रकम सङ्कलन गरी सञ्चालन र मर्मतसम्भार (O&M) कोषमा जम्मा गरिनेछ।

ख. विद्यालय शौचालय, महिनावारी स्वच्छता व्यवस्थापन र पूर्ण सरसफाइ सम्बन्धी गतिविधिहरू

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु - प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	योजना निर्माण- संस्थागत/सार्वजनिक	६६%	३४%	
३.	योजना निर्माण-समुदाय	६६%	२०%	१४%

विस्तृत व्याख्याः

योजना लागतमा स्थानीय सरकार र समुदायको कुल साझेदारीको न्यूनतम ३४ प्रतिशत रहने छ । स्थानीय सरकार, लाभान्वित उपभोक्ता र विद्यालयले ३४ प्रतिशत मध्ये आफ्नो हिस्साको साझेदारी कति भन्ने निर्धारण गर्नु पर्नेछ ।

ग. पानी मुल सुधार/मुहान क्षेत्र संरक्षणका योजनाहरू

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	योजना निर्माण	७०%	१५%	१५%

विस्तृत व्याख्याः

योजना लागतमा समुदायको कुल योगदान १५ प्रतिशत रहने छ। समुदायले स्थानीय सामग्री संकलन तथा अदक्ष कामदारको कार्यका लागि जनश्रमदान गर्नेछन्। यदि जनश्रमदान र स्थानीय सामग्रीको गणना गरिएको मूल्य आवश्यक १५ प्रतिशत भन्दा कम भयो भने, बाँकी प्रतिशत गैर स्थानीय सामग्री ढुवानीको लागतमा व्योहोर्नु पर्नेछ। यदि स्थानीय सामग्री र अदक्ष कामदारहरुको योगदान १५% भन्दा बढी भयो भने, अतिरिक्त रकम सङ्कलन गरेर योजनाको सञ्चालन र मर्मतसम्भार (O&M) कोषमा जम्मा गरिनेछ।

घ. सिँचाइ योजनाहरू (कुलो, पोखरी) (नयाँ/मर्मत/पुनःनिर्माण)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	योजना निर्माण-ग्राभिटी	६४%	१५%	२१%
३.	योजना निर्माण-लिफ्ट	६४%	२०%	१६%

विस्तृत व्याख्याः

योजना लागतमा समुदायको कुल योगदान ग्राभिटी सिँचाइ योजनाको लागि २१ प्रतिशत र लिफ्ट सिँचाइ योजनाको लागि १६ प्रतिशत रहेको छ, जसमा १ प्रतिशत नगद (दुवै किसिमका योजनामा) समावेश हुनु पर्दछ। यसको अतिरिक्त, प्रति रोपनी २०० रुपैयाँ सञ्चालन र मर्मतसम्भार (O&M) कोषको रूपमा सङ्कलन गरिनेछ। समुदायले स्थानीय सामग्री र अदक्ष कामदारहरूको लागि जनश्रमदान गर्ने छन्। यदि अदक्ष कामदार र स्थानीय सामग्रीको लागत गरिएको मुल्याङ्कनमा आवश्यक (ग्राभिटीमा) २० प्रतिशत वा (लिफ्टमा) १५ प्रतिशत भन्दा कम भयो भने, बाँकी प्रतिशत बाह्य सामग्री ढुवानी मार्फत वा अन्य शीर्षकहरूको लागतमा व्योहोर्नु पर्नेछ। यदि श्रमदान २० प्रतिशत वा १५ प्रतिशत भन्दा बढी भएमा, अतिरिक्त रकम सङ्कलन गरी योजनाको सञ्चालन र मर्मतसम्भार (O&M) कोषमा जम्मा गरिनेछ।

ङ. आधुनिक सिँचाइ प्रविधि (थोपा, फिरफिरे, स्वाइल सिमेन्ट ट्याङ्की)का गतिविधिहरू

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	

२.	थोपा र स्प्रिंकलर	६४%	२०%	१६%
३.	स्वाइल सिमेन्ट ट्याङ्की	५९%	२०%	२१%

विस्तृत व्याख्याः

योजना लागतमा समुदायको कुल योगदान स्वाइल सिमेन्ट ट्याङ्कीको लागि २१ प्रतिशत, थोपा र फिरफिरे सिँचाइको लागि १६ प्रतिशत रहेको छ, जसमा १ प्रतिशत नगद समावेश छ। समुदायले स्थानीय सामग्री र अदक्ष कामदार मार्फत जनश्रमदान गर्नेछन्। यदि अदक्ष कामदार र स्थानीय सामग्रीको लागत गरिएको मुल्याङ्कन आवश्यक २० प्रतिशत र १५ प्रतिशत भन्दा कम भयो भने, बाँकी प्रतिशत बाह्य सामग्री ढुवानीको लागत वा अन्य शीर्षकहरूको लागतमा व्योहोर्नु पर्नेछ।

च. वृक्षारोपण (काठ, गैरकास्ठ बनपैदावार/जडिबुटी, डालेघाँस, घाँस, फलफूल, बुट्यान)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	औजार तथा उपकरणहरु	६८%	२०%	१२%
३.	वृक्षारोपण- वन उपभोक्ता समूह	६०%	२०%	२०%
४.	वृक्षारोपण-निजि तथा सार्बजनिक क्षेत्र	६८%	२०%	१२%

विस्तृत व्याख्याः

समुदाय/वन उपभोक्ता समूहले वन र कृषि-वन सम्बन्धी वृक्षारोपण क्रियाकलापहरुका लागि आवश्यक सबै अदक्ष कामदारहरु जनश्रमदानको रुपमा गर्नेछ। त्यसैले, वन उपभोक्ता समूह र निजि तथा सार्बजनिक क्षेत्रबाट क्रमशः न्यूनतम २० प्रतिशत र १२ प्रतिशत सुनिश्चित गरिनेछ। त्यस्तै, सामुदायिक वन क्षेत्र र अन्य सार्वजनिक/निजी क्षेत्रहरूबाट औजार र उपकरणहरू सम्बन्धि क्रियाकलापमा १२ प्रतिशत बराबरको नगद योगदान गर्नु पर्नेछ। यद्यपि, वृक्षारोपणको बिरुवा र खाडल तयारीका कार्य वन उपभोक्ता समूह/समुदायबाट योगदान गर्नु पर्नेछ। स्थानीय रूपमा उपलब्ध बिरुवाहरू समुदायद्वारा नै व्यवस्थापन गर्नु पर्नेछ।

छ. वन डढेलो व्यवस्थापन

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	

२.	अग्नि रेखा निर्माण तथा मर्मतसम्भार	६०%	२०%	२०%
३.	वन डढेलो नियन्त्रणका लागि औजार तथा उपकरण सामाग्री सहयोग	६८%	२०%	१२%

विस्तृत व्याख्याः

माथि उल्लेखित प्रतिशतका अतिरिक्त समुदायले वन डढेलो व्यवस्थापनको लागि अग्नि रेखा निर्माण/मर्मत र अन्य श्रमदान कार्यहरु समेत योगदानमा गर्नु पर्नेछ। त्यस्तै गरी, वन डढेलो नियन्त्रणको लागि औजार र उपकरण सहयोगको लागि समुदायको योगदान १२ प्रतिशत हुनेछ।

ज. खुला चरिचरण नियन्त्रण/व्यवस्थापन

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	तारबार - निजी तथा सार्वजनिक जग्गामा	६८%	२०%	१२%
३.	वन क्षेत्रमा तारबार-	६०%	२०%	२०%

विस्तृत व्याख्याः

खुला चरिचरण नियन्त्रण/व्यवस्थापन गतिविधिमा सामुदायको योगदान अदक्ष कामदारको रुपमा हुनेछ। सबै बाह्य सामग्री र सोको ढुवानीको लागत प्राकृतिक स्रोत विकास कोषले बेहोर्नेछ। उपभोक्ताहरूले सबै स्थानीय सामग्री र अदक्ष कामदारको लागत बेहोर्नेछन्।

झ. वन संरक्षक/हेरालु, नागरिक विज्ञान र संरक्षण समूहहरूको सुदृढीकरण

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	सुरक्षा उपकरण र फिल्ड किट	८०%	२०%	

ञ. पानीको गुणस्तर सुधार तथा पानी प्रशोधन

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	

२.	संरचना निर्माण	६८%	२०%	१२%

विस्तृत व्याख्याः

समुदायको योगदान कामदारको रूपमा हुनेछ। सबै बाह्य निर्माण सामग्री र सोको ढुवानी लागत प्राकृतिक स्रोत विकास कोषले बेहोर्नेछ। उपभोक्ताहरूले सबै स्थानीय सामग्री र अदक्ष कामदारको लागत बेहोर्नु पर्नेछ।

ट. ऐन/नीति निर्माण/शुशासन/क्षमता विकास योजना/विधान तयारी/अद्यावधिक

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	६५%	३५%	
२.	विज्ञको सहयोग/परिचालन	१००%		

ठ. बहुउद्देश्यीय नर्सरी स्थापना/सुदृढीकरण

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	औजार तथा उपकरणहरु	६८%	२०%	१२%
३.	बीउहरु	३०%	२०%	५०%
४.	निर्माण कार्य	५०%	२०%	३०%

विस्तृत व्याख्याः

नर्सरी संचालक/समुदाय/बन उपभोक्ता समुहले आवश्यक औजार र बाह्य उपकरणहरूको १० प्रतिशत नगद योगदान गर्नु पर्नेछ। उत्पादित बिरुवाहरू बन उपभोक्ता समुहले, वन र कृषि-वन सम्बन्धी गतिविधिहरूको लागि खरिद गर्ने भएकोले, प्राकृतिक स्रोत विकास कोषले बीउ खरिदमा ५०% अनुदान प्रदान गर्नेछ। बहुउद्देश्यीय नर्सरीहरूको निर्माणमा, स्थानीय सामग्री र अदक्ष कामदार समुदाय/सञ्चालकले बेहोर्नु पर्नेछ। यदि बहुउद्देश्यीय नर्सरी प्राविधिक विद्यालयहरू भित्र छ भने, स्थानीय सरकार र उपभोक्ता समितिको योगदान परियोजना व्यवस्थापन समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ।

ड. कृषिवन (गैरकास्ठ बनपैदावार, जडीबुटी, औषधिजन्य वा नगदे घाँस, फलफूल र कृषि बाली)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	

२.	औजार तथा उपकरणहरु	६८%	२०%	१२%
३.	बीउ/बिरुवा	३०%	२०%	५०%
४.	वृक्षारोपण	६०%	२०%	२०%
५.	रोपण गतिविधि	३०%	२०%	५०%

विस्तृत व्याख्याः

कृषिवन सम्बन्धी गतिविधिहरूमा सबै अदक्ष कामदारको लागत समुदाय/बन उपभोक्ता समुहले योगदान गर्नु पर्नेछ। यसका साथै, नगद योगदान औजार र उपकरण मुल्यको १२ प्रतिशत बराबर हुनेछ। प्राकृतिक स्रोत विकास कोषले बीउ खरिदमा ५० प्रतिशत अनुदान प्रदान गर्नेछ, बिरुवाहरू वन उपभोक्ता समुह/समुदायबाट योगदान गर्नु पर्नेछ। कृषिवन कार्यक्रम अन्तर्गत खेतीपातिजन्य गतिविधिहरूमा (जस्तै किवी, ड्रयागन फल खेतिमा टेवा पिलर आदि), समुदायले सबै स्थानीय सामग्रीहरू (स्थानीय बिरुवाहरू, कम्पोस्ट र माटो भर्ने सहित) र निर्माण कार्यमा अदक्ष कामदार प्रदान गर्नु पर्नेछ।

ढ. जलवायु मैत्री कृषि/उन्नतस्तरको जीविकोपार्जन/घरबारी बगैंचा अभ्यासहरू

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	औजार तथा उपकरणहरु	६०%	२८%	१२%
३.	बीउहरू	३०%	२०%	५०%
४.	हरितघर र अन्य निर्माण	५०%	५०%	
५.	भकारोसुधार सहयोग	३०%	२०%	५०%

विस्तृत व्याख्याः

समुदाय/कृषकहरूले औजार र उपकरण सहयोगमा १२ प्रतिशत नगद योगदान गर्नु पर्नेछ। हरितघर र भकारो सुधार सहयोगको हकमा, सबै स्थानीय सामग्री र अदक्ष कामदार लागत उपभोक्ताहरूले बेहोर्नु पर्नेछ। बाह्य सामग्री र सोको ढुवानीको लागत प्राकृतिक स्रोत विकास कोषले बेहोर्नेछ। महिला, दलित तथा सिमान्तकृत समुदायका कृषक समुहहरूको हकमा उपभोक्ताको लागतमा सहुलियत दिनुपर्ने भएमा आवश्यकता अनुसार परियोजना व्यवस्थापन समितिले निर्णय गर्नेछ ।

ण. खेरगएको पानी सङ्कलन/सिँचाइको लागि वर्षाको पानी सङ्कलन/पुनरभरण पोखरी

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी/योगदान

		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	फोहोर पानीको निकास/पोखरी/पुनरभरण पोखरी/वर्षाको पानी संकलन	५०%	२०%	३०%

विस्तृत व्याख्याः

समुदायको योगदान योजनाको स्थानीय सामग्री र अदक्ष कामदार लागतको रूपमा हुनेछ। सबै बाह्य सामग्री र सोको ढुवानीको लागत प्राकृतिक स्रोत विकास कोषले बेहोर्नेछ। उपभोक्ताहरूले सबै स्थानीय सामग्री र अदक्ष कामदारको लागत बेहोर्नु पर्नेछ।

त. सुधारिएको चुलो र सुधारिएको पानी घट्ट वा पानी मील

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	सुधारिएको चुलो-माटो	४०%	३०%	३०%
२.	सुधारिएको चुलो- फलाम र विद्युतीय	५०%	५०%	
३.	सुधारिएको पानी घट्ट वा पानी मील	६५%	१५%	२०%

विस्तृत व्याख्याः

समुदायको योगदान इँटा बनाउने माटो संकलन र इँटा तयार पार्ने कामदारको योगदानको रूपमा हुनेछ। बाह्य सामग्री र सोको ढुवानीको लागत प्राकृतिक स्रोत विकास कोषले बेहोर्नेछ। उपभोक्ताले सबै स्थानीय सामग्री र अदक्ष कामदारको लागतहरू बेहोर्नु पर्नेछ। फलामे र विद्युतीय सुधारिएको चुलोको हकमा, परियोजना व्यवस्थापन समितिको निर्णय अनुसार समुदायले कुल लागतको ३०% सम्म नगद योगदान गर्नु पर्न सक्छ। सुधारिएको पानी घट्ट वा पानी मीलको हकमा समुदायको योगदान योजनाको स्थानीय सामग्री र अदक्ष कामदार लागतको रूपमा हुनेछ।

थ. विपद् जोखिम व्यवस्थापन (बायोइन्जिनियरिङ, पहिरो स्थिरीकरण, भू क्षय, तटबन्ध सुधार र बहाव नियन्त्रण)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	निर्माण गतिविधिहरू	५५%	२५%	२०%

विस्तृत व्याख्याः

योजना निर्माणका गतिविधिहरूका हकमा समुदायको साझेदारी जनश्रमदानको रूपमा हुनेछ। यो कुल अनुमानित लागतको २०% भन्दा कम हुनेछैन। समुदायले स्थानीय सामग्री सङ्कलन र अदक्ष कामदारको रुपमा योगदान गर्नु पर्नेछ। यदि स्थानीय सामग्री र अदक्ष कामदारको योगदानले कुल निर्माण लागतको २०% नपुगेमा, परियोजना व्यवस्थापन समितिले बाँकी लागत स्थानीय सरकारको योगदान वा समुदायको नगद योगदानबाट पूर्ति गर्ने निर्णय गर्नेछ। यदि त्यस्तो लागत कुल निर्माण लागतको २०% भन्दा बढी छ भने परियोजना व्यवस्थापन समितिले अदक्ष कामदारको श्रमको लागि भुक्तानी गर्ने निर्णय गर्न सक्छ।

द. मूल्य श्रृङ्खला विकास (जस्तै चिउरी, डालेचुक/सीबकथोर्न, उखु, मसला, तरकारी, दुना टपरी)

क्र.सं.	गतिविधिहरुको प्रकार	साझेदारी		
		नेपाल सरकार - फिनल्याण्ड सरकार / इयु – प्रदेश	स्थानीय सरकार (न्यूनतम)	उपभोक्ताहरु (न्यूनतम)
१.	क्षमता अभिवृद्धिका गतिविधिहरु	९०%	१०%	
२.	औजार, उपकरण, मेसिनरी	७०%	१०%	२०%
३.	जीविकोपार्जन पूर्वाधार (संकलन केन्द्र, हाटबजार आदि)	६०%	२५%	१५%

विस्तृत व्याख्याः

कुनै पनि निर्माण गतिविधिको हकमा समुदायको योगदान स्थानीय सामग्री र कामदारको रूपमा हुनेछ। यो कुल अनुमानित लागतको १५% भन्दा कम हुनेछैन। समुदायले स्थानीय सामग्री सङ्कलन र अदक्ष कामदार योगदान गर्नु पर्नेछ। यदि स्थानीय सामग्री र अदक्ष कामदारको योगदानले कुल निर्माण लागतको १५% पुग्दैन भने, परियोजना व्यवस्थापन समितिले बाँकी लागत स्थानीय सरकारको योगदान वा समुदाय (सहकारी) को नगद योगदानबाट पूर्ति गर्ने निर्णय गर्नेछ।